नेपाल अर्ध विकसित, सानो र गरिब देश हो । यो देशका बहुसंख्यक जनताहरू गरिब छन् भने त्यसमा पनि ४०% जनताहरू गरिबीको रेखामुनि नै पर्दछन् । देशको विकास गर्न र गरिबी घटाउन भनेर विगत ४० वर्षदेखि नै श्री ५ को सरकारले योजनाबद्ध विकासका प्रयोगहरू गर्दै आएको छ । यस किसिमको लक्ष्य पूरा गर्नको लागि विभिन्न मित्रराष्ट्रहरू तथा सङ्घ संस्थाहरूले लाखौं डलर प्रत्येक वर्ष सहयोग गर्दै आएका कुरा सबैलाई विदितै छ । तर पनि यो देशको गरिबी घट्नको सट्टा बढ्न गई विश्वका गरिबमुलुकहरू मध्ये सबभन्दा गरिब देशभएको छ । यसरी झन् गरिबी बढ्दै जाँदा गरिब, विपन्न र कथित दलित वर्गका घरपरिवारहरूको स्थिति अझै दयनीय बन्दै गइरहेको छ। यस कुरालाई हालसालै संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभागको सहयोगमा सञ्चालित "वनमा आश्रित गरिब नेपालीहरूको सर्वेक्षण" बाट स्पष्टरुपले के देखाएको छ भने समस्या समाधान हुनुको सट्टा समस्यामाथि समस्या थपिदै गई गरिब, विपन्न तथा कथित दलित वर्गको जीविकोपार्जन झन्-झन् कमजोर र कष्टकर बन्दै गएको छ । परम्परागत शोषण र भेदभाव, सम्पत्तिको असमान वितरण, सामाजिक संरचना र यसबाट उब्जाइएका विभिन्न कुरीतिहरु, आवश्यक सेवाहरु तथा उपयुक्त नीतिको अभाव व्याप्त भ्रष्टाचार र देशको राजनीतिक अस्थिरता आदि कारणहरूले यसमा थप बल पुऱ्याएका छन् ।

विगत तीन चार दशकदेखि सञ्चालित सामुदायिक वन विकास कार्यक्रम पनि योजनाबद्ध विकासको एक ज्वलन्त उदाहरण हो । यो कार्यक्रम विश्वका लागि नै एक सफल र उदाहरणीय कार्यको रुपमा चिनिदै आएको छ । यसका प्रक्रियाहरू र यसबाट देखिएका उपलब्धिहरू विश्वका धेरै अनुसन्धानकर्ताहरू, अभियानकर्ताहरू तथा पेशागत कार्यकर्ताहरूले नजिकबाट हेरिरहेका छन् र सिक्दैछन् । यस कार्यक्रमबाट देशको वन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय तवरमा सफलता मिलेको कुराहरू विभिन्न अनुसन्धानहरूले औल्याउँदै आएका छन् । तर वन विकास गुरुयोजना (२०४५) को परिकल्पना र सामुदायिक वनको अवधारणा अनुसार सामुदायिक वनका क्रियाकलापहरू व्यावहारिक रुपमा उतार्न अझै पनि धेरै अप्ठयाराहरू देखिएका छन् । जस्तैः सामुदायिक वन क्रियाकलापहरूमा गरिब, विपन्न र कथित दलित वर्गका उपभोक्ताहरूको सहभागिता हुन सकेको छैन किनकी यी वर्गहरूले सामुदायिक वनबाट फाइदा लिन सकेका छैनन् अर्थात् उनीहरूको चाहना र आवश्यकता अनुसार न त वन पैदावार नै उपलब्ध भएको छ न त जीविकोपार्जनमै टेवा पुग्न सकेको छ । अझ भन्नु पर्दा वन उपभोक्ता समूहहरूले आ-आफ्नो समूह भित्रका गरिब, विपन्न र कथित दलितलाई वास्तविक रुपमा चिन्न नै सकेका छैनन् । हिजोसम्म निःशुल्क सङ्कलन र उपयोग गर्दै आएका वन पैदावारहरुलाई आज शुल्क लगाइदा कतिपय उपभोक्ताहरू वन पैदावारको उपयोगबाट नै वञ्चित भएका छन् । कतिपय अवस्थामा भने उनीहरूलाई कमै मात्रमा भएपनि हुने वन पैदावार वा धनीहरूलाई बढी चाहिने वन पैदावारमा भने शुल्क लगाइएको छैन । समूहको आम्दानी गरिबले तिर्न सक्दैन भनेर धनी-मानी र टाठाबाठाहरू भित्रमा नै लगानी गरिन्छ । अर्कातिर बजारमा चर्को मूल्य हालेर काठ किन्न सक्ने धनी-मानीलाई उपभोक्ता बनेवापत अरु सरह मूल्य तिर्न उसलाई कुनै प्रवाह हुँदैन । यसरी यी दुबै तरिकाबाट धनीहरूले मात्रै फाइदा लिन सकेको प्रष्ट हुन्छ। अन्ततः समूहका यिनै ठूलाबडाहरूको रवाफ, यश, सान थपिइएको छ भने गरिबहरूको जीविकोपार्जनमा झनै बोझ थपिदै गएको छ । त्यसकारण विभिन्न तह, तप्का र मञ्चबाट निर्णय र कार्यान्वयन प्रक्रियामा गरिब, विपन्न, कथित दलित र महिला वर्गको सहभागिता, न्यायोचित वितरण, गरिबी न्यूनीकरण आदि कुराहरू उठाइने गरिएका छन् ।

गरिबी न्यूनीकरणमा केन्द्रित भएर श्री ५ को सरकारले दसौं पञ्चवर्षीय योजना तयार गरेको छ। देशभित्र विभिन्न दातृ संस्थाहरूको लाखौं डलरको सहयोगमा सञ्चालित सयौं योजना, आयोजना र परियोजनाले पनि गरिबी न्यूनीकरणको स्वरमा स्वर मिलाएका छन् । तर यी दातृ सङ्घ संस्थाहरूले तीन चार दशकदेखि लगातार गर्दै आएका कार्यक्रमहरू वास्तविक रुपमा गरिबमुखी भए नभएको र त्यसबाट साच्चैं कुन वर्गलाई फाइदा पुगिरहेको छ भन्ने विश्लेषण गरी साच्चिनै सामुदायिक वन लगायत हरक्षेत्रमा सहयोग पुगोस् भन्ने हाम्रो चाहाना छ ।

यस अङ्कमा गरिबमुखी वन स्रोत व्यवस्थापन र उपयोगका साथै यसको अपरिहार्यताको सम्बन्धमा विशेष रुपमा प्रकाश पार्ने जमर्को गरिएको छ । कुनै नयाँ विषयवस्तुको खोज गर्ने जुन विषयबारे वन उपभोक्ताहरु र पाठक वर्गमा जानकारी दिने उद्देश्य लिएर वनस्पती परिचय स्तम्भ यसै अङ्कदेखि राख्दै जाने निर्णय गरिएको छ । यस भित्रका लेखरचनाले सामुदायिक वन र जीविकोपार्जन सम्बन्धमा सहयोग पुऱ्याउन, सरकार तथा सम्बन्धित निकायहरूलाई घच्घच्याउन र जनचासो बढाउन के कति सगाएको त्यसको मुल्याङ्कन सचेत पाठक वर्गबाट हुने नै छ । हामी उचित सुझाव, सिर्जनात्मक आलोचनाको अपेक्षा गर्दछौं । अन्त्यमा यो अङ्कमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सहयोगी मित्रहरुलाई धन्यवाद दिदै, नयाँ वर्ष २०६१ को सुरुवातको अर्को अङ्कमा भेट्ने बाचा गर्दछौं ।

**सम्पादक**